(आ.व. २०८१।०८२, चौथो बैठक)

# फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८१/०७/३० गतेको कार्यपालिका बैठकका निर्णयहरुः

*निर्णयहरुः*

१ यसअघिका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो ।

२ यस नगरपालिका अन्तर्गतका नगर अस्पताल भवन निर्माणकार्य र मनमोहन शान्ति बाटिका पुर्वाधार निर्माण कार्यको लागि विगत आर्थिक वर्षमै ठेक्का सम्झौता भई निर्माणकार्य शुरु गरिएकोमा बजेट अभावमा निर्माणकार्य निरन्तर अगाडी बढ्न नसकेको तथा रकम निकासा नभएकोले निर्माण व्यवसायीद्वारा काममा निरन्तरता नभएको अवस्थामा रकम निकासाका लागि पटक-पटक सम्बन्धित मन्त्रालय तथा विभागहरुमा पत्राचार गरिएको भए पनि हालसम्म रकम निकासा नभएकोले पुनः बजेट निकासाका लागि सम्बन्धित मन्त्रालयहरुमा समन्वय गर्ने साथै निर्माण कार्य अघि बढाउन कार्यालयलाई निर्देशन गर्ने ।

३ यस नगरपालिका अन्तर्गत विभिन्न विद्यालयमा कार्यरत स्वर्णिम अवकास लिन चाहने तपशिलमा उल्लिखित शिक्षकहरुबाट निवेदन पेश भएकोमा शिक्षा विकास तथा समन्वय इकाई पर्वतमा राजिनामा पेश गरी स्वीकृत भएमा मिति २०८१।०६।१८ गतेको कार्यपालिका बैठकले स्वीकृत गरेको '**फलेवास नगरपालिका शिक्षक स्वर्णिम अवकास योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**' बमोजिम निवेदक शिक्षकहरुलाई नियमानुसार सेवासुविधा प्रदान गर्न कार्यालयलाई निर्देशन दिने । साथै वडा नंवर ४ स्थीत बाल आधारभुत विद्यालयका शिक्षक भोलानाथ तिवारीको राजिनामा स्वीकृत भएको जानकारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट प्राप्त भएमा सोहि कार्यविधि अनुसारको सेवासुविधा प्रदान गर्न कार्यालयलाई निर्देशन गर्ने ।

तपशिलः

(क) यमुना कुमारी पन्त तीनधारे आधारभुत विद्यालय

(ख) लालप्रसाद सुबेदी सरस्वती आधारभुत विद्यालय

(ग) हरि प्रसाद पोखेल चन्दनी आधारभुत विद्यालय

(घ) इन्दिरा रिजाल महेन्द्रोदय आधारभुत विद्यालय

४ विगत आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे तथा दुई कोठे भवन निर्माण कार्य शुरु भएका तपशिलमा उल्लिखित विद्यालयहरुलाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने साथै भवन निर्माणकार्य सम्पन्न गराई योजना फरफारक गरी भुक्तानी गर्ने । सोहि शिर्षक अन्तर्गत भवन निर्माणकार्य सम्पन्न गरी गत आर्थिक वर्षमा भुक्तानीका लागि पेश भएको लिमिठाना माध्यमिक विद्यालयको भवन निर्माण कार्यको भुक्तानी हुन बांकी रकम रु ४९०१३९।- (अक्षेरुपी चार लाख नब्बे हजार एक सय उनन्चालिस रुपैयां मात्र) भुक्तानी गर्ने ।

- अन्नपुर्ण माध्यमिक विद्यालय, कार्कीनेटा (चार कोठे र दुई कोठे)
- श्रीराम माध्यमिक विद्यालय, शंकरपोखरी (चार कोठे)
- सारदा माध्यमिक विद्यालय, कुर्घा (चार कोठे)
- लिमिठाना माध्यमिक विद्यालय, लिमिठाना (चार कोठे)